आ.व. २०७५/७६ को बजेट तर्जुमाको लागि उपस्थित बागमती गाउँकार्यपालिका बोर्डका मान्य सदस्यज्यूमा म गाउँपालिका अध्यक्षको हैसियतले सम्बृद्ध बागमती गाउँपालिका निर्माणको लागि तपसिलको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।

वागमती गाउँपालिकाको आ.व. २०७५/७६ को नीती तथा कार्यक्रम

**गाउँपालिका स्तरीय विशेष कार्यक्रम**

१. गाउँपालिकामा उत्साहमूलक सहभागिताको लागि म्याचिङ फण्ड (शिक्षा, गैह्र सरकारी संस्था, खानेपानी, पूर्वाधार विकास) को व्यवस्था गरि विकास निमार्ण लगायत यूवा लक्ष्यीत कार्यक्रमहरुलाई प्रभावकारी तर्जुमा गर्ने व्यवस्था गरिने छ । साथै जनतासँग अध्यक्ष अन्तर्गत कृषि तथा पशुपालन व्यवसायीक यूवा विकास लक्षित अनुदान/ ऋण कार्यक्रम नीति लिइने छ ।

**कृषि तथा पशु स्वास्थ्य**

२. हाम्रो गाउँपालिकाको अधिकांश भूभाग ग्रामिण तथा कृषि क्षेत्र युक्त भएकोले कृषि तथा पशुपालनलाई व्यवसायिकीकरण र विविधिकरणका एवम् यूवा किसानहरुलाई प्रोत्साहान गरि आर्थिक मेरुदण्डको रुपमा विकास गर्ने लक्ष्यका साथ यो आ.व. लाई कृषि वर्षको रुपमा अगाडि बढाइनेछ । तसर्थ यस कार्यक्रमका लागि आवश्यक पर्ने मल विउ तथा सिञ्चाई लगायतका सुविधाको व्यवस्था गर्न र उत्पादीत कृषि पशुजन्य वस्तुहरुको प्रवर्धनका लागि सरोकारवाला निकायको सहकार्य र समन्वयमा आवश्यक दिर्घकालिन योजना तथा अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि विषयगत कार्यालयको रुपमा रहेका कृषि तथा पशु सेवा केन्द्रलाई प्रभावकारी सेवा प्रवाहका गर्न जनशक्ति आवश्यक परेमा व्यवस्था गरिनेछ ।

३. यस वागमती गाउँपालिकाको दोश्रो गाउँसभाबातट पारित पशु विमा कार्यक्रमलाई निरन्तरता दिँदै पशु किसानहरुलाई थप प्रोत्साहन होस् भन्ने हेतुले उक्त कार्यक्रमलाई बृहत रुपले संचालन गर्न थप बजेटको व्यवस्था गरिने छ ।

४. कृषहरुको व्यवसायीक रुपमा उत्पादीत दुधलाई दुग्ध चिस्यान केन्द्रहरुको निर्माण गरी बजारीकरणमा सहजीकरण गरिनेछ ।

५. यस गाउँपालिकामा प्रत्यक्ष किसानहरुलाई फाइदा हुने किसिमका गोठ सुधार कार्यक्रम ल्याइने छ ।

६. बाखा पकेट कार्यक्रम अन्तर्गत बाखा पालन गर्ने कृषकहरुलाई बाखा पैँचो कार्यक्रम हाललाई चार ठाउँमा र आगामी दिनमा सबै वडाहरुमा विस्तार गरिने छ ।

७. व्यवसायीक रुपमा कृषि एवम् पशुपालन गर्ने यूवा किसानहरुलाई विशेष अनुदान कार्यक्रम ल्याइने छ ।

**खानेपानी**

८. १ घर १ धारा नीति अन्तर्गत गाउँपालिका स्तरीय कार्यक्रम ल्याइने छ । यसका अलावा गाउँपालिका भित्र रहेको खानेपानी समस्यालाई दिर्घकालीन रुपमा व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथामिकिकरण गरिने छ साथै व्यवस्थीत मिटर रिडिङको लागि पहल गरिने छ ।

९. स्वच्छ पिउने पानी व्यवस्थापनका लागि मुहानहरुको संरक्षण गर्ने एवम् थप मुहानहरु पहिचान गर्ने कार्य गरिने छ ।

**सडक यातायात**

१०. यस वागमती गाउँपालिका भित्र सडकले नछुएका बस्तीहरुमा सडक पुऱ्याउने काम निरन्तर रुपमा अगाडि बढाइनेछ । आ.व. २०७४/७५ मा ट्र्याक निर्माण भएका सडकहरुलाई दिर्घकालीन रुपमा संचालन हुने गरी व्यवस्था मिलाइने छ । सडक व्यवस्थापनको लागि सडक सुरक्षाकर्मी रुपमा केही जनशक्तीको व्यवस्था गरिने छ ।

**शिक्षा स्वास्थ्य तथा वातावरण**

शाक्षर, स्वस्थ, स्वच्छ, हराभरा हाम्रो वागमती गाउँपालिका भन्ने नारालाई प्रभावकारी बनाइने छ ।

११. यस वागमती गाउँपालिका भित्र आधारभूत र माध्यामिक गरि ५० वटा विद्यालय सञ्चालनमा रहेका छन् । विद्यालय सुधार कार्यक्रम अन्तर्गत हाललाई १० वटा माध्यामिक विद्यालयहरुमा ई हाजिरी मेशीनको व्यवस्था गरिनेछ ।

१२. आजका विद्यार्थी भोलिका कर्णधार भएकाले उनीहरुको दक्षता विकास गर्न यस गाउँपालिकालाई बालमैत्री स्थानीय तह बनाइने छ जसका लागि बाल विकास केन्द्रहरुको स्थापनमा पहल र प्रोत्साहन गरिने छ ।

१३. विद्यालय सुधार कोषबाट विद्यालयका अवस्था क्रमागत रुपमा सुधार गर्दै लागिने छ र सम्पूर्ण बालबालिकाहरुलाई विद्यालयमा सहज पहुँच बनाउन पूर्वाधार निर्माण व्यवस्थापन, शैक्षिक सामाग्री तथा फर्निचर व्यवस्थापन एवम् छात्रवृत्ती जस्ता बालबालिका मैत्री नीति प्राथामिकीकरण गरिने छ ।

१४. शैक्षिक कार्यक्रमहरुमा एकरुपता, गुणस्तरता एवम् प्रतिष्प्रधात्मक विकासकालागि विद्यालयहरुमा सञ्चालित हुने सबै परीक्षा यस गाउँपालिका अन्तर्गत गठन गरिएको परीक्षा उप समीतीबाट नै लिने व्यवस्था गरिने छ ।

१५. विद्यालयमा सबै भन्द कम तलब सुविधा पाएका इ.सि.डी. मा कार्यरत शिक्षकहरुलाई मनोबल उच्च गराउन दिँदै आएको प्रोत्सहान भत्तालाई निरन्तरता दिइने छ ।

१६. गाउँपालिका भित्रका सामुदायीक विद्यालयहरुको उत्थान गरी गुणस्तरीय शिक्षा प्रदान गर्न नीजी विद्यालय एवम् सरोकारवाला संघ संस्थाहरुसँग सहज वातावरण निर्माणकालागि पहल गरिने छ ।

१७. सम्पूर्ण सामुदायीक विद्यालयहरुलाई क्रमागत विकास गरि हाललाई कुनै एक विद्यालयलाई गाउँपालिका स्तरीय नमूना विद्यालय छनोट गरी स्नातक तहसम्मको शिक्षा एवम् प्राविधिक शिक्षाको व्यवस्थापन गर्न पहल गरिने छ ।

१८. एक वडा एक प्राविधिक अवधारणबाट हाम्रो गाउँपालिका भित्रका स्वास्थ्य, कृषि, पशु, विज्ञान तथा प्रविधि क्षेत्रका दक्ष जनशक्ति निर्माणका लागि आवश्यक छात्रवृत्ति व्यवस्थापन गर्न आ.व. ७५/७६ मा कार्यविधि निर्माण गरी यस कार्यक्रमलाई अगाडि बढाइने छ ।

१९. राज्यबाट उपेक्षित तर महिलाहरुमा मातृ मृत्यु दर, बाल मृत्यु दरमा कमी लेराउन सफल भएका यस गाउँपालिका भित्रका स्वास्थ्य स्वयम सेवीकालाई एकरुपताका साथ उचित प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।

२०. "स्वास्थ्य नै धन हो" भन्ने भएकोले हाल वागमती गाउँपालिकाका वडा १,२,३ र ५ लाई लक्ष्यीत गरि भट्टेडाँडामा सञ्चालनमा ल्याइएको अत्याधुनिक स्वास्थ्य ल्याबलाई थप व्यवस्थीत गरि आ.व २०७५/७६ मा वडा ४, ६ र ७ लाइ समेटेर उपयुक्त ठाउँमा थप स्वास्थ्य ल्याब एवम जनशक्ती व्यवस्थापन गरिने छ र समय समयमा घुम्ती सिवरहरुको व्यवस्थापन गरिने छ ।

२१. वागमती गाउँपालिका स्तरीय १५ शैया हस्पिटलको स्थापना गर्ने योजनालाई प्राथामिकताका साथ अगाडि बढाइने छ ।

२२. गाउँपालिकामा एम्बुलेन्सको व्यवस्था मिलाइने छ ।

२३. गाउँपालिका भित्र आवश्यक पर्ने स्वास्थ्य सम्बन्धि उपकरण तथा औषधीको व्यवस्था गरिने छ ।

२२. आ.व. २०७५/७६ बाटै स्वास्थ्य विमा कार्यक्रमको सुरुवातका लागि पहल गरिने छ ।

२४. फोहोरबाट मोहोर भन्ने अवधारणा हृदयङ्गम गर्दै गाउँपालिका भित्र निस्कने फोहोरहरुलाई दीर्घकालीन रुपमा व्यवस्थित गर्न प्रशोधन, पून प्रयोग लगायत कम्पोष्ट मल बनाउन जनचेतना वृद्धिकालागि सरोकारवाला संघसंस्थाहरु सँग सहकार्य गरिनेछ । यसका अलवा सार्वजनिक स्थानहरुमा व्यवस्थीत सार्वजनिका शौचालयहरु निर्माण गरिने छ ।

२५. गाउँपालिकालाई हराभरा गर्नका लागि एक योजना दश विरुवा लाई अनिवार्य नीतिको रुपमा अवलम्बन गरिने छ ।

२६. बाढी पहिरो, भूक्षय, आगोलागि जस्ता वातावरणीय क्षती न्यूनिकरणकालागि आकस्मिक कोषको व्यवस्थापन गरिने छ । साथै आवश्यक नदी कटान भएका ठाउँमा तटबन्धन निर्माणका लागि पहल गरिने छ ।

**पर्यटन**

२७. पर्यटन प्रर्वद्धन र आन्तरिक आयको श्रोतको रुपमा विकास गराउन गाउँपालिका भित्र भट्टेडाँडाको राडर सातकन्य डाँडा र इकुडोलको माझखण्ड, गिम्दीको चमेरो गुफा, माल्टाको फाँट लगाएत सबै वडामा संभाव्यता अध्ययन गरि पर्यटकीय क्षेत्रलाई विकाश, व्यवस्थापन र प्रचार प्रसारमा पहल गरिने छ ।

२८. यस गाउँपालिका भित्र छवेलीबाट माझखण्ड जेड्ने केवलकार योजनालाई संचालनका लागि बढुवा दिइने छ ।

**सहकारी क्षेत्र**

२९. वागमती गाउँपालिका वडा नं. ३ मा सहकारी भवन निर्माण गरि गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारीहरुलाई व्यवस्थीत गरी संचालन गर्ने व्यवस्थापन मिलाइनुका साथै गाउँपालिका स्तरीय सहकारी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३०. हाम्रो गाउँपालिका भित्रका महिलाहरुको शसक्तीकरणका लागि महिला समूह, महिला सहकारीहरुमार्फत विभिन्न सीप मूलक तालीमहरुको व्यवस्था गरिने छ ।

**यूवा तथा महिला शसक्तीकरण कार्यक्रम :**

३१. बड्दो यूवाहरुको विदेश पलायन समस्यालाई न्यूनिकरण गरी स्थानीय तहमा नै दक्षता विकास गरी स्वरोजगार व्यवस्थापन गर्न विशेष तालिम, प्रोत्साहनमूलक म्यूचल फण्डको अवधारणलाई अवलम्बन गरिने छ ।

३२. वैदेशिक रोजगारीबाट प्राप्त सिपलाई सदुपयोग गरी सीप सुहाउँदो रोजगारी वृद्धि एवम् व्यवशायीका कार्यक्रमलाई प्राथामिकताका साथ प्रोत्साहन गरिने छ ।

३३. यूवाहरुमा शाररीक, मानसिक, सामाजिक विकास गरि असल नागरिक निर्माण गर्नका लागि खेलकुद कार्यक्रम एवम् खेलकुद मैदान निर्माण कार्य गरिनेछ ।

३४. यूवा उद्यमीहरुका लागि आवश्यक कार्यविधि निर्माण गरी विना धितो कर्जा व्यवस्थापनको थालनी गरिने छ ।

३५. स्थानीय यूवा क्लब अन्तर्गत यूवा दिवस, लागू दूव्यर्सनी विरुद्ध जनचेतना कार्यक्रम, सीप विकास तालिम, वित्तिय शाक्षरता कार्यक्रम संचालन गरिने छ ।

३६.	गाउँपालिका क्षेत्रमा संचालन हुने योजनाहरुको उपभोक्ता समिति गठन गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहभागी अनिवार्य गर्नुका साथै प्रमुख पदहरु मध्ये कम्तिमा एक जना महिला हुनु पर्ने नीतिलाई उच्च प्राथमिकता साथ कार्यन्वयन गरिनेछ ।

३७.	महिला शसक्तीकरणका लागि महिलाहरुको क्षमता अभिवृद्धि एवम सिपयुक्त वनाउन आयमूलक, सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भरता तर्फ उन्मुख गराउन विभिन्न संघ संस्थाहरुसँग समेत सहकार्य गरी कार्यक्रम अगाडी बढाइनेछ ।

**सस्थागत विकास एवं सुशासनतर्फ**

३८. यस गाउँपालिका भित्रका प्रत्येक घरमा केन्द्रीय लाइनको विद्युत प्रशारणलाइ जोडी उज्यालो पुऱ्याउने कामलाई तृवताका साथ अघि बढाइने छ ।

३९.	गाउँपालिकामा सेवाग्राहीलाइ छिटो छरितो पार्दर्शी एवं प्रभावकारी रुपमा सेवा प्रावाह गर्नका लागि कर्मचारीको उचित व्यवस्थापन गरिनेछ ।

४०. हालै गाउँपालिकाको कार्यालयमा सञ्चालनमा आएको बागमती टेक्नो हबलाई अत्याधुनिक प्रविधि मैत्री सहायता कक्षको रुपमा विकास गरि पहिलो आउने सेवाग्राहीलाई पहिलो प्राथमिकता दिइ सेवामा सहजीकरण गरिने छ साथै सम्पूर्ण गतिविधीहरुलाई सूचना तथा प्रविधिको माध्यमबाट पारदर्शी गरिनेछ र गाउँपालिका स्तरीय सञ्चार व्यवस्थापनको सुरुवात गरिने छ ।

४१. यो आ.व. बाट योजना, सामाजिक सुरक्षा, घटना दर्ता जस्ता कृयाकलापलाई अनलाइन प्रविधिबाट संचालन गरिने छ ।

४२. गाउँपालिकाका कर्मचारीहरुको योग्यता, क्षमता, अनुभव र पद अनुसार आवश्यक मापदण्ड बनाई शाखा, उपशाखा तथा इकाईहरुको कार्य विवरणको आधारमा आन्तरिक शाखा सरुवा, मानव स्रोत परिचालन र पारदर्शी मापदण्ड निर्धारण गरी राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था लाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।

४३. बागमती गाउँपालिकाको भूवनावटको विशम परिस्थीमा कर्मचारीहरुलाई उच्च मनोबलका साथ सेवा प्रवाह गर्ने वातावरण निर्माणका लागि यस आ.व ७५/७६ बाट प्रोत्साहान भत्ताको व्यवस्था गरिने छ ।

४४. बागमती गाउँपालिकाको ईप्रोफाइल निर्माण एवम् तथ्याङ्क संकलनको लागि म्याचिङ फण्ड मार्फत कार्यान्वयन गरिन्छ ।

**आर्थिक तथा राजस्व परिचालनतर्फ :**

४५) ‘‘मेरो गाउँपालिकाको लागि मेरो कर’’ अन्तर्गत गाउँपालिका भित्र संचालनमा रहेका खुद्रा, थोक व्यवसायीहरुलाइ करको दायरा भित्र ल्याउनको लागि पहल गरिने छ र यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरि राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणम जोड दिइनेछ ।

४६) आर्थिक वर्षको अन्त्यमा आएर विकास गर्ने परिपाटीको अन्त्य गर्न आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

४७) प्राकृतिका श्रोत साधान दर प्रदेश सरकार बाट निर्धारण पश्चात गाउँ कार्यपालिका बैठकले कार्यविधि निर्माण गरि आवश्यक थप सेवा शूल्क कायम गरी कार्यान्वयन गरिने छ ।

अन्त्यमा

४८) छिमेकी नगरपालिका, गाउँपालिकासँग सहकार्य गरेर अन्तर स्थानीय तह कार्यक्रमहरुका लागि पहल गरिने छ ।

४९) एकल पुरुषहरुलाई भत्ताको व्यवस्था र वृद्धाहरुलाई प्रोत्साहान एवम् मनोरञ्जन लागि दिवा आवासको व्यवस्था गर्न पहल गरिने छ ।

५०) म्याचिङ फण्डको रकम यस आ.व.मा कार्यविधि बनाई पूर्वाधार, खानेपानी, संस्थागत सुधार आयोजनामा कार्यान्वयन गरिने छ ।